# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०२।३२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मकवानपुर, मनहरी गाउँपालिका वडा नं. ६ स्थित लोथर-हाङ्गलाङ्ग-फरिवाङ्ग-पाङ्गथली सडक स्तरोन्नति कार्यमा अनिमियतता भएको भन्ने उजुरी निवेदन समबन्धमा अनुसन्धान हुँदा जिल्ला मकवानपुर, मनहरी गाउँपालिका वडा नं. ६ स्थित लोथर-हाङ्गलाङ्ग-फरिवाङ्ग-पाङ्गथली सडक स्तरोन्नतिको क्रममा २३५९२.३२ घ.मि. मात्र माटो कटिङ्गको कार्य भएकोमा नापी किताबसँग भए गरेको कामको परिमाण तुलना गर्दा Earthwork Excavarion works आइटममा ८३३८.९३ घनमिटर कम काम भएको देखिएकोले यथार्थभन्दा बढी मूल्याङ्कन गरी उक्त योजनाको स्थलगत रुपमा निर्माण कार्यको निर्धारित शर्त तथा मापदण्ड विपरीत गरेको कार्यलाई गुणस्तरयुक्त वा मापदण्ड बमोजिम भए गरेको हो भनी नगरेको कामको झुट्टा नापी किताब, मूल्याङ्कन तथा झुट्टा बिल भरपाई बनाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गरेको कार्यबाट रु.३,९१,९२९।७१ (तीन लाख एकान्नब्बे हजार नौ सय उनन्तीस रुपैयाँ र पैसा एकहत्तर) बराबरको सरकारी सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको हुँदा उक्त कार्यमा संलग्न देहायका व्यक्तिहरुउपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि. नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मनहरी गा.पा. मकवानपुरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **देवराज चौलागाई** | रु.३,९१,९२९।७१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| २. | मनहरी गा.पा. मकवानपुरका तत्कालीन इन्जिनियर **अमित कुमार ठाकुर** | रु.३,९१,९२९।७१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवावना गरी बिगो असुल उपर हुन साथै गलत प्रतिवेदन दिएकोले ऐ.ऐनको दफा १९ को उपदफा (२) मा परिभाषित कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३. | प्रतिक्षा निर्माण सेवाका निर्माण ब्यबसायी **बुध्दिराज कंडेल** | रु.३,९१,९२९।७१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (४) बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद र जरिवाना गरी बिगो जफत हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे